# फिक्कल गाउँपालिका

## खाङ्गसाङ्ग, सिन्धुली

### बागमती प्रदेश, नेपाल

---

**स्थानीय राजपत्र**

---

**खण्डः९** **संख्याः५** **मितिः २०८२/१०/२४**

---

**भागः २**


# फिक्कल गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२


**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८२/१०/२३**
**प्रमाणित मितिः२०८२/१०/२३**


**प्रस्तावनाः** मुलुकबाट कुपोषणको अन्त्यका लागि गुणस्तरीय पोषण सेवाको उपलव्धता र पहुँचको सुनिश्चितता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०८०/१०/१४ मा स्वीकृत भइ कार्यान्वयनमा आएको बहुक्षेत्रीय पोषण योजना - तेस्रो (२०८०/०८१-२०८७/०८८) ले लिएको लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न यस स्थानीय तहमा सञ्चालन भइरहेको बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनमा सहजिकरण गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६५ उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी फिक्कल गाउँपालिकाले यो कार्य विधि जारी गरेको छ।

# परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्य विधिको नाम "फिक्कल गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्य विधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले फिक्कल गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "निर्देशक समिति" भन्नाले फिक्कल गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सम्झनु पर्दछ।

(घ) "स्थानीय तह " भन्नाले फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "पालिका स्तरीय समिति" भन्नाले पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सम्झनु पर्दछ।

(छ) "वडा स्तरीय समिति" भन्नाले वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सहजिकरण तथा कार्यान्वयन समिति सम्झनु पर्छ ।

(ज) "योजना" भन्नाले बहुक्षेत्रीय पोषण योजना तेस्रो र पोषणमैत्री स्थानीय शासन घोषणाका लागि तय गरिएका कार्यक्रम /क्रियाकलापहरु समेतलाई बुझाउँदछ ।

(झ) "क्रियाकलाप" भन्नाले विभिन्न शाखाहरुबाट पोषण सुधारका लागि तय भएका स्वीकृत कार्यक्रमलाई सम्झनु पर्छ।

(ञ) "सचिवालय" भन्नाले फिक्कल गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालय सम्झनु पर्छ।

(ट) "सहजकर्ता" भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका पोषण सहजकर्तालाई सम्झनु पर्छ ।

(ठ) "सहजीकरण समिति" भन्नाले वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति सम्झनु पर्छ ।

**३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्**

क. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन अन्तर्गत पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि गाउँपालिकाले छनौट गरेका वडाहरुले आफूलाई पोषणमैत्री वडा घोषणा गर्न आवस्यक प्रक्रिया र सूचनाका बारेमा सहजिकरण गर्ने।

ख. बहुक्षेत्रीय पोषण कार्यक्रमहरुसँग सम्बन्धित क्रियाकलापहरुको योजना तर्जुमा, संस्थागत व्यवस्थापन, कार्यान्वयन, लेखा तथा लेखापरीक्षण अनुगमन प्रतिवेदनका सम्बन्धमा कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई सहजीकरण गर्ने।

ग. गर्भवती र सुत्केरी महिला दुई वर्षमुनिका बालबालिका र किशोरीहरुलाई आवश्यक पर्ने पोषणको सुनिश्चितताको लागि स्थानीय तहमा सहजीकरण गर्ने।

घ. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवस्यक प्रक्रिया विधि खुड्किला तथा चरणहरु बारे मार्गदर्शन गर्ने,

ङ. पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक फारमहरु र दस्तावेजहरुबारे मार्गदर्शन गर्न,

च. पोषणमैत्री स्थानीय शासन अबलम्बन अन्तर्गत पोषणमैत्री वडा तथा पालिका घोषणालाई सहज बनाउन आवश्यक सहजीकरण तथा सहयोग पुर्याउने।

**४. कार्य क्षेत्र** : बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सञ्चालन गरिने पोषण सुधारका विभिन्न कार्यहरु यस कार्यविधिको कार्यक्षेत्र रहनेछन् ।

**५.कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरुः** यो बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ लाई फिक्कल गाउँपालिकाले पोषण प्रवर्द्धनात्मक कार्य र पोषणमैत्री स्थानीय तह र वडा घोषणाका लागि प्रयोग गर्नेछ। बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ को अधिनमा रही फिक्कल गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन वडा घोषणाका अभियानहरु कार्यान्वयन मा मुख्य प्रयोगकर्ता फिक्कल गाउँपालिका र यसका सबै वडा कार्यालयहरु, विषयगत शाखाहरु, बहुक्षेत्रीय पोषण योजना अन्तर्गत संचालित विभिन्न कार्यक्रमहरु विकास साझेदारहरु र सम्बन्धित सरोकारवालाहरु हुने छन्। सम्बन्धित सबै पक्षले सूचनाको माध्यमबाट पोषणमैत्री स्थानीय शासन अवलम्बन र वडा तथा पालिका घोषणाका प्रक्रिया प्रतिफल र नतिजाहरुको व्याख्या र विश्लेषण गर्न सक्नेछन्।

## परिच्छेद २

### ६. कार्यक्रम कार्यान्वयनको निर्देशक सिद्धान्त

**यो कार्यबिधि निम्नलिखियत निर्देशक सिद्धान्तमा आधारित रहेको छ ।**

- **मूल्यमान्यताः** यो योजना मानव अधिकार, लैङ्गिक समानता, महिला सशक्तीकरण, विविधता र समता, आर्थिक सामाजिक समानता, न्याय,

शान्ति, स्वतन्त्रता, स्थायित्व, लोकतान्त्रिक अभ्यास र तथ्यमा आधारित सवालप्रति प्रतिबद्धरहेको छ ।

- **विद्यमान सरकारी नीति तथा योजनाः** यस **योजनाले** नेपालको संविधान, विद्यमान कानुनी व्यवस्था, दीर्घकालीन सोचसहितको सोह्रौं योजना लगायतका रणनीतिक मार्गदर्शनलाई आत्मसात गरेको छ ।
- **विश्वव्यापी प्रतिबद्धताः** दिगो विकास लक्ष्य-२०३०, वृद्धिका लागि पोषण सम्मेलन-२०२१, संयुक्त राष्ट्रसङ्घिय खाद्य शिखर सम्मेलन-२०२१, पोषण विस्तार अभियान रणनीति-३.० जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आत्मसात गरिनुका साथै यस योजनामा पोषणसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन सुनिश्चित गर्न ती प्रतिबद्धतासँग तादात्म्यता कायम हुनेगरी आवश्यक नीति तथा कार्यक्रम तय गरिएको छ ।
- **लैङ्गिक समता र सामाजिक समावेशीकरणः** यस योजनाले पोषण सेवामा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्दै लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गतामैत्री पोषण सेवा प्रवाह र स्याहारमा टेवा पुर्याउने नीति अवलम्बन गरेको छ ।
- **सकारात्मक विभेदः** यस योजनाले सामाजिक तथा आर्थिकरूपले पछाडि परेका वर्ग तथा समुदायको आवाज र भावनालाई मूलप्रवाहमा ल्याउन पोषण सेवा सम्बन्धी निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने नीति लिएको छ ।
- **जवाफदेहिता र पारदर्शिताः** यस योजनाले निर्णय प्रक्रिया, बजेट निर्माण, कार्यक्रम कार्यान्वयन, समन्वय तथा सञ्चारमा पारदर्शिता र

जवाफदेहिताको सुनिश्चितता गर्नेछ । यस क्षेत्रमा संलग्न सबै तहका निकायको भूमिका र जिम्मेवारी स्पष्टरूपमा तोकी जवाफदेहिता अभिवृद्धि गरिनेछ; जसको लागिपोषण तथाखाद्य सुरक्षाको क्षेत्रमा संलग्ननिकायलाई आफ्नायोजना तथा कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनालाई मूलप्रवाहीकरण गर्न, नतिजाप्रति उत्तरदायीबनाउन र अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन नतिजा खाका र न्यूनतम कार्यक्रमको व्यवस्थाका लागि सहजीकरण गर्नेछ ।

- **बहु-सरोकारवालाको एकीकृत प्रयास**ः यस योजनाले पोषणको अवस्था सुधार गर्न सङ्घ , प्रदेश तथा स्थानीय तहमा सबै सरोकारवालाको एकीकृत प्रयासलाई जोड दिएको छ । पोषणको क्षेत्रमा क्रियाशील सबै निकायले कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा "४ 'एक' सिद्धान्त— बृहत एकीकृतयोजना, एकीकृत समन्वय संयन्त्र, एकद्वार स्रोतपरिचालन र एकीकृत अनुगमन तथा मूल्याङ्कन पद्धति" को अभ्यास गरिनेछ । ४ “एक” को सिद्धान्तले सबै प्रकारका कुपोषण उन्मुलनका साथै पोषणको अवस्थामा समतामूलक सुधारका लागि अनुकूल वातावरण सिर्जना गर्नसबै विषयगत मन्त्रालय तथा सरोकारवालाले सामञ्जस्यता कायम गर्दै सहकार्य गर्नुपर्ने विषयलाई जोड दिन्छ।
- स्था**न र परिवेश विशेष कार्यक्रमः** प्रदेश तथा स्थानीय तहले बहुक्षेत्रीय पोषण योजना तेस्रोलाई स्थानीय आवश्यकता र परिवेश अनुसार आन्तरिकीकरण गरी आफू अनुकूल योजना तथा कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

## ७. बिषयगत क्षेत्र र क्रियाकलापहरु :

### क) स्वास्थ्य क्षेत्र

गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत स्वास्थ्य क्षेत्रको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि गर्भवती, स्तनपान गराइरहेका आमा तथा पाँच वर्षमुनिका बालबालिकालाई लक्षित गरी पोषण शिक्षा, नियमित तौल तथा उचाइ मापन, सूक्ष्मपोषक तत्वहरु वितरण, खोप सेवा सुदृढीकरण, स्तनपान र उचित आहार अभ्यास प्रवर्द्धन, रोग रोकथाम तथा स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन, विद्यालय स्वास्थ्य तथा पोषण सन्देश प्रसार, स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि, र समुदायस्तरमा पोषणसम्बन्धी सचेतना अभियानलाई मुख्य क्रियाकलापका रूपमा समावेश गरी अगाडी वढाउनु पर्ने देखिन्छ । यसले न्युनपोषणको समस्या घटाउन, मातृ तथा शिशु स्वास्थ्य सुधार गर्न, र दीर्घकालीन रूपमा समुदायको पोषण सुरक्षामा योगदान पुर्‍याउने अपेक्षाका साथ कार्यक्रमहरु संचालन गरिन्छ।यस क्षेत्र अन्तर्गत रहेका १६ वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

### १. स्वास्थ्य क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु:

### १.१. पोषणमैत्री स्वास्थ्य चौकी निर्माण तथा सुनिश्चितता कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : ५ बर्ष मूनीका बालबालिकाहरू, गर्भवती र सुत्केरी महिला र अन्य स्थानीय वासिन्दाहरु

यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरु:

- कुपोषण पहिचनका लागि घरधुरी सर्वेक्षण
- पहिचान भएका कुपोषित बालबालिकालाई पोषण सामग्री वितरण
- स्वास्थ्य संस्थाको पोषण अवस्था विश्लेषणका लागि विभिन्न खालाका पोषण सम्बन्धी तथ्याङ्क संकलन

- पोषणमैत्री स्थानीय शासनका सूचकहरुका बारेमा स्वास्थ्य कर्मि र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई क्षमता विकासका कार्यक्रमहरु
- स्वास्थ्य संस्थामा पोषण कर्नर वास कर्नर स्तनपान कक्ष निर्माण तथा संचालन
- मातृ, शिशु तथा बाल्यकालीन पोषण सम्बन्धी कार्यक्रम संचालन
- बृद्दि अनुगमन तथा प्रवर्दन कार्यक्रम
- भिटामिन ए जुकाको औषधि र आइरन फोलिक एसिड वितरण कार्यक्रम
- कार्यक्रम नियमिमत अनुगमन तथा मूल्याङ्कन

**ख) शिक्षा क्षेत्र**

गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनका शिक्षा क्षेत्रका कार्यक्रमहरु प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विद्यालयस्तरमा पोषण शिक्षा समावेश गर्ने, बालबालिकालाई स्वस्थ आहार र सरसफाइ अभ्यासबारे नियमित अभिमुखीकरण गर्ने, विद्यालय दिवा खाजा कार्यक्रमलाई पोषणसम्बन्धी मापदण्डअनुसार सुदृढ गर्ने, शिक्षक तथा अभिभावकलाई पोषण र स्वास्थ्य सम्बन्धी तालिम दिने, विद्यालय स्वास्थ्य परीक्षण तथा पोषण निगरानी प्रणाली सञ्चालन गर्ने, पोषणसम्बन्धी सचेतना सामग्री मार्फत समुदायमा सन्देश प्रवाह गर्ने, र विद्यालय-समुदाय सहकार्यद्वारा बालबालिकाको पोषण सुधारमा जोड दिने जस्ता क्रियाकलापलाई प्राथमिकताका रूपमा समावेश गर्नुपर्ने हुन्छ। यसले बालबालिकाको सिकाइ क्षमता, स्वास्थ्य अवस्था र दीर्घकालीन पोषण सुरक्षामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिन्छ। गरिन्छ। यस क्षेत्र अन्तर्गत रहेका ६ वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

**२. शिक्षा क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

## २.१. विद्यालयहरुमा पोषण सप्ताह मनाउने कार्यक्रममा सहयोग

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका माध्यमिक र आधारभूत विद्यालयका बालविकास केन्द्रका बालबालिकाहरू, विद्यालयमा अध्ययनरत छात्र। छात्रा अभिभावक र अन्य स्थानीय वासिन्दाहरु

यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरु

- विद्यालयहरुमा पोषण सप्ताह संचालनका लागि आवस्यक प्राविधिक सहयोग
- शिक्षक विद्यार्थि र अभिभावकहरुले स्थानीय प्रविधिमा तयार परेका पोषण प्रवर्द्धनात्मक क्रियाकलापहरु झल्कने खालका विभिन्न गतिविधिहरु
- स्थानीय उपजहरुवाट तयार पार्न सकिने विभिन्न खालका पोषिला परिकारहरुको तयारी तथा प्रर्दशनी
- हाजिरी जवाफ बक्तृत्वकला सडक नाटक आदीको माध्यम द्वारा पोषण सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने

## २.२. एक माध्यमिक विद्यालय एक करेसाबारी निर्माण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका माध्यमिक र वडाहरुमा करेसावारीका लागि टनेल सहयोग। जसमा बालविकास केन्द्रका बालबालिकाहरू, विद्यालयमा अध्ययनरत छात्र /छात्रा अभिभावक र अन्य स्थानीय वासिन्दाहरु

**यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरु**

- विद्यालय र पालिका कार्यालयमा करेसावारी व्यवस्थापनका लागि टनेल निर्माणमा आवस्यक प्राविधिक सहयोग

- शिक्षक विद्यार्थी र अभिभावकहरुलाई जग्गा तयारी तथा उत्पादन प्रविधि सम्बन्धी तालिम
- विभिन्न खालका पोषणको विविधता उपलव्धहुने खालका विउहरु उपलव्ध गराउने
- स्थानीय प्रविधिवाट प्राङ्गारिक उत्पादन उपजहरुको प्रर्दशनी र दिवा खाजामा यसको प्रयोगको बारेमा अभिमुखीकरण

**ग) महिला तथा बालबालिका**

फिक्कल गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम महिला तथा बालबालिका क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि गर्भवती तथा स्तनपान गराइरहेका आमालाई लक्षित पोषण शिक्षा, आयरन, फोलिक एसिड तथा अन्य सूक्ष्मपोषक तत्व वितरण, सुरक्षित मातृत्व सेवा सुदृढीकरण, बालबालिकाको नियमित तौल—उचाइ मापन तथा वृद्धि निगरानी, स्तनपान र पूरक आहार अभ्यास प्रवर्द्धन, किशोरीहरूलाई पोषण तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम, विद्यालय तथा समुदायस्तरमा बालमैत्री पोषण अभियान सञ्चालन, महिला समूहमार्फत पोषणसम्बन्धी व्यवहार परिवर्तन गतिविधि, र बालबालिकाको स्वास्थ्य तथा पोषण अधिकार सुनिश्चित गर्न अभिभावक तथा समुदायलाई सक्रिय सहभागी गराउने जस्ता क्रियाकलापलाई प्राथमिकताका रूपमा समावेश गर्नुपर्ने हुन्छ। यसले मातृ तथा बाल स्वास्थ्य सुधारसँगै दीर्घकालीन पोषण सुरक्षामा योगदान पुऱ्याउने अपेक्षा गरिन्छ। यस क्षेत्र अन्तर्गत रहेका ५वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

**३. महिला तथा बालबालिका क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

**३.१. सुनौला हजार दिनका आमा तथा घरपरिवारहरुका सदस्यहरुलाई (सासु /बुहारी वा श्रीमान/ श्रीमती विच) पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुका सुनौला हजार दिनका आमा तथा घरपरिवारहरुका सदस्यहरुलाई (सासु /बुहारी वा श्रीमान/ श्रीमतीहरु) र अन्य स्थानीय वासिन्दाहरु

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- वडाका सबै घरपरिवारका सदस्यहरुलाई कार्यक्रमको वारेमा जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्ने
- सहभागितात्मक लेखाजोखाको माध्यम द्वारा सबै घरपरिवारका पोषण तथा खाद्य सुरक्षा सम्बन्धी तथ्याङ्कहरु संकलन गर्ने
- तथ्याङ्क संकलनका लागि फाराम तथा फरम्याटहरु तयार गर्ने
- बहुक्षेत्रीय पोषण योजना र पोषणमैत्री स्थानीह्यय शासनका बारेमा सुनौला हजार दिनका आमा तथा घरपरिवारका सदस्यहरुलाई अभिमुखीकरण
- सहभागिहरु संग विगतको खाद्य श्रृखला र हालको खानपानको विविधताका वारेमा छलफल तथा प्रस्तुतिकरण गर्ने
- सुत्केरी आमाहरूलाई स्तनपानको महत्व र सही तरिकाबारे जानकारी दिने कार्यक्रम संचालन गर्ने।
- किशोरीहरूलाई रक्तअल्पता, पोषण, र प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी दिने कार्यक्रम।
- एकिकृत प्रतिवेदन तयार गरि पोषणको स्थिति पत्रमा समावेश गर्ने

## ३.२. सुनौला हजार दिनका आमाहरुलाई पोषणझोला वितरण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका सबै वडाका विपन्न तथा सुनौला हजार दिनका आमा तथा घरपरिवारहरु

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- स्थानीय तह भरका विपन्न तथा सुनौला हजार दिनका आमाहरुको विवरण संकलन
- पोषिलो झोलामा राखिने वस्तुहरुको गुणस्तरियताको सुनिश्चितता
- हर बार खाना चार को अवधारणा अनुसार सबै प्रकारका खाद्यान्न तथा सरसफाइ सामग्री प्रयोग गरी पोषिलो झोला तयार गर्ने
- सुनौला हजार दिनका सबै घरपरिवारका सदस्यहरुलाई कार्यक्रमको वारेमा जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्ने
- एकिकृत प्रतिवेदन तयार गरि पोषणको स्थिति पत्रमा समावेश गर्ने

## ३.३. युवा बाल संञ्जालका सदस्यहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका सबै वडाका बाल क्लव र यूवा संञ्जानलका सदस्याहरु

**यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुः**

- स्थानीय तह भरका बाल क्लव र यूवा सञ्जालका पदाधिकारिहरुको विवरण संकलन
- बाल क्लव र यूवा सञ्जाल गठन र नियमित वैठक संचालन
- बाल क्लव र यूवा सञ्जालका पदाधिकारीहरुलाई पोषण सम्बन्धी अभिमुखीकरण
- एकिकृत प्रतिवेदन तयार गरि पोषणको स्थिति पत्रमा समावेश गर्ने

## घ) खानेपानी तथा सरसफाई

फिक्कल गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम खानेपानी तथा सरसफाइ क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सुरक्षित तथा पर्याप्त खानेपानी आपूर्ति सुनिश्चित गर्ने, विद्यालय तथा समुदायस्तरमा शौचालय निर्माण र प्रयोग प्रवर्द्धन गर्ने, हातधुने सुविधा विस्तार गरी साबुनसहित नियमित हातधुने अभ्यासलाई प्रोत्साहन गर्ने, सरसफाइ तथा फोहोर व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, पानी शुद्धीकरण तथा भण्डारणबारे जनचेतना अभिवृद्धि गर्ने, स्वास्थ्य संस्थासँग सहकार्य गरी पानीजन्य रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने, र समुदायलाई सरसफाइ सम्बन्धी व्यवहार परिवर्तन अभियानमा सक्रिय सहभागी गराउने जस्ता क्रियाकलापलाई प्राथमिकताका रूपमा समावेश गर्नुपर्ने हुन्छ। यसले पोषण सुधारसँगै बालबालिका तथा समुदायको स्वास्थ्य सुरक्षामा दीर्घकालीन योगदान पुर्‍याउने अपेक्षा गरिन्छ। गरिन्छ।यस क्षेत्र अन्तर्गत रहेका ६ वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ। यस क्षेत्र अन्तर्गत रहेका ५ वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

## ४. खानेपानी तथा सरसफाइ क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु

### ४.१. NWASH तथ्याङ्कहरु व्यवस्थापन तथा परियोजना सुधार कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा रहेका खानेपानीका उपभोक्ताहरु

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- पालिका भरका सबैं खानेपानीका मुहानहरुको सर्वेक्षणा गरी लगत तयार गर्ने
- खानेपानीको नमुना संकलन गरी परिक्षण गर्ने
- खानेपानी सम्बन्धी तथ्याङ्कहरुको प्रविश्टिकरण तथा विश्लेषणका लागि प्राविधिक क्षमता विकास

### ४.२. सरकारी संघ संस्थाहरुमा आधारभूत सरसफाइ सुनिश्चितताका लागि आवश्यक समग्री तथा व्यवस्थापन सहयोग कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा रहेका खानेपानीका उपभोक्ताहरु

**यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरु**

- सरसफाइ सुनिश्चितताका लागि सरसफाइ सम्बन्धी आवस्यक प्राविधिक सहयोग
- विद्यालय र सार्वजनिक स्थलहरूमा शौचालय निर्माण गर्ने।
- साबुन पानीले हात धुने बानी बसाल्न प्रोत्साहन गर्ने।

### ४.३. सुनौला हजार दिनका र विपन्न घरपरिवारलाई खानेपानी शुद्धिकरणका लागि फिल्टर उपहार कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा रहेका खानेपानीका उपभोक्ता हरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- पानी शुद्धिकरणका लागि सुनौला हजार दिन र विपन्न परिवारलाई फिल्टर उपलव्ध गराउने
- फिल्टरको प्रयोग सम्बन्धी आवस्यक प्राविधिक ज्ञान उपलव्ध गराउने
- समुदायमा खानेपानीका धारा, इनार, कुवा जस्ता संरचना निर्माण गर्ने।

### ४.४. विपन्न घरपरिवारलाई आधारभूत तहको खानेपानीको निर्माण तथा प्रवर्द्धन कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा रहेका खानेपानीका उपभोक्ताहरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- आधारभूत खानेपानीको उपलव्धताका लागि सुनौला हजार दिन र विपन्न परिवारलाई विभिन्न सामग्रीहरुको उपलव्धता गराउने
- खानेपानी निर्माण तथा व्यवस्थापन सम्बन्धी आवस्यक प्राविधिक ज्ञान उपलव्ध गराउने र समुदायमा खानेपानीका धारा, इनार, कुवा जस्ता संरचना निर्माण गर्ने
- घरघरमा शौचालय निर्माण गर्न प्रोत्साहित गर्ने।
- साबुन पानीले हात धुने बानी बसाल्न प्रोत्साहन गर्ने।

## ङ) पशुपन्छी विकास

फिक्कल गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम पशुपन्छी विकास क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि घरायसी स्तरमा दुध, अण्डा, मासु

उत्पादनलाई प्रोत्साहन गर्ने, पशुपालनसम्बन्धी तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउने, स्थानीय जातका पशुपन्छीको संरक्षण र सुधार गर्ने, पशुपन्छी स्वास्थ्य सेवा तथा नियमित खोप कार्यक्रम सुदृढ गर्ने, पोषणसम्बन्धी उत्पादनलाई विद्यालय भोजन कार्यक्रम तथा समुदायस्तरमा उपयोग गर्ने, महिला तथा विपन्न परिवारलाई आयआर्जनमुखी पशुपालनमा सहभागी गराउने, र पशुपन्छीजन्य उत्पादनको स्वच्छता तथा बजार पहुँच सुनिश्चित गर्ने । यस क्षेत्र अन्तर्गत रहेका ३ वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

## ५. पशुपन्छी विकास क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु

### ५.१. कृषकहरुलाई सुधारीएको खोर तथा गोठ प्रवर्द्धनका लागि आवश्यक सामग्री वितरण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा पशुपालक कृषकहरुका लागि  पशुपालनमा आधारित प्राविधिक ज्ञान तथा विभिन्न खालका कृषि सामग्रीहरु वितरण  ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- पशु पालन व्यवस्थापनका लागि गोठ र खोर निर्माणमा आवस्यक प्राविधिक सहयोग
- पशुपालन सम्बन्धी अभिमुखीकरण तथा उत्पादन प्रविधि सम्बन्धी तालिम
- पशु आहार तथा घाँसका बिजन, मल र प्राविधिक सहयोग उपलब्ध गराउने।
- दूध र मासु उत्पादन बढाउन किसानहरूलाई प्रोत्साहित गर्ने।

## च) कृषि विकास क्षेत्र

फिक्कल गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम कृषि विकास क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय बाली तथा पशुपालन प्रणालीलाई पोषणमुखी बनाउन प्रोत्साहन गर्ने, घरमै तरकारी तथा फलफूल उत्पादनलाई बढावा दिने, पोषणसम्बन्धी बाली (जस्तै दाल, गेडागुडी, हरियो सागपात) को उत्पादन र उपभोगलाई प्राथमिकता दिने, कृषकलाई पोषण–संवेदनशील कृषि तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउने, विद्यालय तथा समुदायस्तरमा पोषणबालीको बगैंचा स्थापना गर्ने, खाद्य भण्डारण तथा प्रशोधन प्रणालीलाई सुदृढ गर्ने, र महिला तथा विपन्न परिवारलाई लक्षित आय–आर्जनमुखी कृषि कार्यक्रम सञ्चालन गर्ने जस्ता क्रियाकलापलाई समावेश गर्नुपर्ने हुन्छ। यसले खाद्य उपलब्धता, पहुँच र विविधता बढाउँदै दीर्घकालीन रूपमा समुदायको पोषण सुरक्षामा योगदान पुऱ्याउने अपेक्षा गरिन्छ। यस क्षेत्र अन्तर्गत रहेका ४ वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

## ६. कृषि विकास क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु

## ६.३. वडा स्तरीय स्थानीय स्तरमा पाइने रैथाने बाली प्रवर्द्धन तथा अभिमुखीकरण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका ६ वटै वडाहरुमा रहेका रैथानेबालीहरुको अवस्था पहिचान तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने। रैथानेबाली उत्पादन तथा उपयोगगर्ने स्थानीय वासिन्दाहरु

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु:**

- स्थानीय स्तरमा पाइने रैथाने बाली प्रवर्द्धन गर्न रैथाने बालीको महत्व सम्बन्धी जानकारी प्रदान गर्न रैथाने बाली सम्बन्धी अभिमुखीकरण

कार्यक्रम पालिकास र वडास्तर तथा जनसमुदायमा सञ्चालन गर्न सकिनेछ।

- खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्त्व, रैथाने बाली खेती प्रविधि, बजारीकरण प्रक्रिया, रैथाने बालीको परिकार विविधिकरण आदि विषयहरू समेटेर तालिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
- अभिमुखीकरण कार्यक्रमहरूमा महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक कार्यकर्ता, कृषक, कृषक समूह र सहकारी, शिक्षक, विद्यार्थी, अन्य सरोकारवालाहरूलाई समेटेर अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।
- यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई रैथाने खाद्यान्न बाली तरकारी बालीको बिउबिजन, कोसेवालीहरू वा स्थानीय स्तरमा लोकप्रिय बालीको बिउकिट वितरण गर्न सकिनेछ।
- विद्यालय स्तरीय रैथानेबाली सचेतना अभियानः पालिकामा अवस्थित माध्यमिक तहका विद्यालयहरूको कक्षा ९ र १० का विद्यार्थीहरूलाई लक्षित गरी रैथाने बालीहरूबारे सचेतना अभियान सञ्चालन गर्न सकिनेछ।
- स्थानीय स्तरमा रैथाने बाली सम्बन्धी कृषकको मागअनुसारका कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ। यस कार्यक्रममा अन्य क्रियाकलापहरु प्रचलित कानुन बमोजिम सञ्चालन गर्न सकिनेछ।

## ६.२. खाद्य स्वस्छता र गुणस्तर ( Food Hygiene and Quality )कायम गर्नका लागि बजार अनुगमन कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका सबै वडाहरुमा रहेका स्थानीय वजार तथा होटलहरु र यसबाट सेवा लिने स्थानीय वासिन्दाहरु।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- स्थानीय उद्योग बाणिज्य संघका पदाधिकारी तथा व्यापारीहरुसंग खाद्य स्वस्छता र गुणस्तरका वारेमा अन्तर्क्रिया र स्वस्छ खाद्य उपयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- स्थानीय पसल तथा होटलहरुको तथ्याङ्क संकलनका लागि फरम्याट तयार गर्ने
- मिति गुज्रेका र शरिरका अस्वस्थकर खानाको विक्रि वितरण तथा व्यवस्थापनको अवस्था पहिचान गरि आवस्यक कार्यवाही प्रकृया अगाडी वढाउने
- खाद्य पदार्थको गुणस्तर परीक्षण गर्ने र मापदण्ड पूरा गर्ने खाद्य पदार्थको मात्रै बिक्री वितरण हुने व्यवस्था गर्ने।
- बजार अनुगमनवाट लिएको तथ्याङ्कको आधारमा प्रतिवेदन तयारी तथा प्रकाशन

## ६.३. कृषकलाई जैविका विषादी र प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडा कृषक/ कृषक समूह /कृषि सहकारी /कृषि फर्म/ कृषि व्यवसायी लाई समेटेर जैविक विषादी र प्राङ्गारिक मल प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- स्थानीय स्तरमा उपलव्धहुने विभिन्न खालका जैविक विषादि र प्राङ्गारिक मल बनाउन सकिने वस्तुहरुको वारेमा जानकारी
- रासायनिक मलको प्रयोगलाई कम गर्न तथा वातावरणमा हुने यसको असर न्यूनीकरण गर्न कृषक कृषक/पशुपन्छी समूह, कृषि पशु सहकारीहरुलाई समेटेर रोग किरा नियन्त्रणका लागि जैविक विषादीहरू (झोलमल, निमयुक्तमल) आदि र प्राङ्गारिक मल बनाउने अभिमुखीकरण तालिमहरू सञ्चालन गरिनेछ।
- कृषकहरूलाई तालिमका साथसाथ तालिमसँग सम्बन्धित सामग्रीहरू पनि वितरण गर्न सकिनेछ। यस्तो सामग्रीहरूमा जैविक मल बनाउने ड्रम, सुक्ष्म तत्त्व, जैविक विषादीहरू, निमजन्य विषादीहरू साथै कीटनाशकक विषादीको साटो पहिलो /निलो पासो, विभिन्न बालिका लिउर आदि तालिममा सहभागी कृषकहरूलाई प्रदान गर्न सकिनेछ।
- स्थानीय स्तरमा उपलव्ध हुने विभिन्न खालका जैविक बस्तुहको प्रयोगबाट कसरी जैविक विषादि तयार गर्न सकिन्छ भन्ने वारेमा अभिमुखीकरण तथा प्रयोगात्म अभ्यास
- जैविक विषादि र प्राङ्गारिक मलको महत्व तथा उपयोगको वारेमा जानकारी

## ६.४. एक वडा कार्यालय एक करेसावारी निर्माण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा करेसावारीका लागि टनेल निर्माण ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- पालिका कार्यालयमा करेसावारी व्यवस्थापनका लागि टनेल निर्माणमा आवस्यक प्राविधिक सहयोग
- स्थानीय वासीन्दाहरुलाइ र अभिभावकहरुलाइ जग्गा तयारी तथा उत्पादन प्रविधि सम्बन्धी तालिम
- विभिन्न खालका पोषणको विविधता उपलव्धहुने खालका विउहरु उपलव्ध गराउने
- स्थानीय प्रविधिवाट प्राङ्गारिक उत्पादन उपजहरुको प्रर्दशनी र पोषिलो खानाको रुपमा यसको प्रयोगको बारेमा अभिमुखीकरण
- पोषिलो बालीहरू जस्तैः हरियो सागसब्जी, फलफूल, दलहन, तोरी आदि खेती गर्न किसानहरूलाई प्रोत्साहन
- बीउ बिजन, मल र प्राविधिक सहयोग उपलब्ध गराउने।
- पोषिलो बाली उत्पादनका लागि कृषि तालिमहरू सञ्चालन गर्ने।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाएर किसानहरूलाई आधुनिक कृषि प्रविधिबारे जानकारी दिने।

## ६.५. एक घर एक करेसावारी निर्माण तथा प्रवर्द्धन कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका १, ४ र ६ वडाहरुमा करेसावारीका लागि प्राविधिक ज्ञान तथा विभिन्न खालका कृषि सामग्रीहरु प्राप्त गर्ने सेवाग्राहीहरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- करेसावारी व्यवस्थापनका लागि पानी संकलन पोखरी निर्माणमा आवस्यक सहयोग
- जग्गा तयारी तथा उत्पादन प्रविधि सम्बन्धी तालिम
- पोषिलो बालीहरू जस्तैः हरियो सागसब्जी, फलफूल, दलहन, तोरी आदि खेती गर्न किसानहरूलाई प्रोत्साहन

- बीउ बिजन, मल र प्राविधिक सहयोग उपलब्ध गराउने।
- ताजा र पोषिलो खाद्य पदार्थको उपलब्धता बढाउँन स्थानीय रूपमा उत्पादित खाद्य पदार्थको प्रयोगलाई प्रोत्साहन गर्ने।
- पोषिलो बाली उत्पादनका लागि कृषि तालिमहरू सञ्चालन गर्ने।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाएर किसानहरूलाई आधुनिक कृषि प्रविधिबारे जानकारी दिने।

| **उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया (पोखरी निर्माण कार्यक्रम)** | **जिम्मेवारी** | **प्रगति सूचक** |
|---|---|---|
| १. सूचना जारी गर्ने - पोखरी निर्माण सम्बन्धी सूचना प्रकाशित गर्ने र आवश्यक कागजात सहित निवेदन माग गर्ने । | वडा/ पालिका | सूचना प्रकाशित |
| २. निवेदन संकलन -सूचनाको आधारमा लाभग्राहीहरुले निवेदन दर्ता गर्ने। | वडा | दर्ता सूची तयार |
| ३. मूल्यांकन तथा प्राथमिकता छनौट - मूल्यांकन समिति द्धारा प्राप्त निवेदनहरुको स्थल तथा कागजातका आधारमा प्राथमिकता तय गरी छनौट गर्ने । | मूल्यांकन समिति | प्राथमिक छनौट |
| ४. अन्तिम छनौट तथा सम्झौता - छनौट भएका लाभग्राहीहरु सँग कार्यक्रम कार्यान्वयनका लागि औपचारिक सम्झौता गर्ने । | वडा/ पालिका | सम्झौता सम्पन्न |
| ५. लागत साझेदारी - जस अर्न्तगत पालिकाबाट रु.१५०००। सहायता प्रदान गरिनेछ । | पालिका/लाभग्राही | लागत साझेदारी पुष्टि |
| ६. डिजाइन तथा लागत अनुमान अनुसार पोखरी निर्माण - स्वीकृत डिजाइन र इस्टमेट अनुसार लाभग्राहीले पोखरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने छ । | लाभग्राही | निर्माण सम्पन्न |
| ७. अनुगमन तथा प्राविधिक प्रमाणिकरण - निर्माण सम्पन्न भए पछि प्राविधिक, वडा तथा गाउँपालिका समितिबाट स्थल अनुगमन र पुष्टि गर्ने। | प्राविधिक, वडा समिति | अनुगमन प्रतिवेदन |
| ८. भुक्तानी - अनुगमन तथा प्रमाणिकरण पछि कार्यसम्पन्नको वडा सिफारिस र प्रतिवेदनका आधारमा नियम अनुसार करकट्टी गरी रकम सिधै लाभग्राहीको खातामा भुक्तानी गर्ने । | पालिका | भुक्तानी सम्पन्न |

## ६.६. फलफुल विरुवा वितरण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडाहरुमा फलफुल उत्पादनका लागि प्राविधिक ज्ञान तथा विभिन्न खालका कृषि सामग्रीहरु उपलव्ध हुने सेवाग्राहीहरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- कृषकहरुलाइ फलफुल विरुवा उत्पादन सम्बन्धी आवस्यक प्राविधिक सहयोग
- जग्गा तयारी तथा उत्पादन प्रविधि सम्बन्धी तालिम
- फलफुलका विरुवाहरु, मल र प्राविधिक सहयोग उपलब्ध गराउने।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाएर किसानहरूलाई आधुनिक कृषि प्रविधिबारे जानकारी दिने।
- वडाको सिफारिस तथा कृषकको मागका अनुसार निशुल्क रुपमा फलफुल बिरुवा वितरण गर्न सकिनेछ।

## ६.७. टनेल निर्मित विद्यालयहरूमा तरकारी खेती सम्बन्धी अभिमुखीकरण तथा आवश्यक सामग्री वितरण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : विद्यार्थी, शिक्षक र अन्य सरोकारवाला सबै

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- टनेल निर्मित विद्यालयहरूमा विद्यार्थी, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरूका लागि तरकारी खेती प्रविधि, रोग किरा नियन्त्रण वा विद्यालयको मागको आधारमा कृषि सम्बन्धी अभिमुखीकरण तालिमहरू सञ्चालन गर्ने।

- विद्यालयमा निर्माण गरिएको टनेलमा तरकारी उत्पादन गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू निःशुल्क रुपमा विद्यालयलाई प्रदान गर्ने।

**छ) शासकीय प्रवन्ध क्षेत्र**

फिक्कल गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम शासकीय प्रवन्ध क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि पोषणसम्बन्धी नीतिगत समन्वय र योजना निर्माणलाई सुदृढ गर्ने, विभिन्न क्षेत्रीय निकायबीच सहकार्य तथा समन्वय संयन्त्र स्थापना गर्ने, स्थानीय तहमा पोषणसम्बन्धी तथ्याङ्क संकलन, विश्लेषण र निगरानी प्रणाली विकास गर्ने, बजेट विनियोजन तथा स्रोत परिचालनलाई पोषणमुखी बनाउन प्राथमिकता दिने, कार्यक्रमको पारदर्शिता तथा जवाफदेहितालाई सुनिश्चित गर्ने, समुदायस्तरमा सहभागिता र उत्तरदायित्व अभिवृद्धि गर्ने, र नियमित मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमार्फत कार्यक्रमको प्रभावकारिता मापन गर्ने जस्ता क्रियाकलापलाई समावेश गर्नुपर्ने हुन्छ। यसले दीर्घकालीन रूपमा पोषण शासन सुदृढ गर्दै स्थानीय स्तरमा पोषण सुरक्षाको दिगो आधार निर्माण गर्ने अपेक्षा गरिन्छ। यस क्षेत्र अन्तर्गत रहेका १० वटा सूचकहरु हासिल गर्नका लागि सहभागितात्मक रुपमा बस्तीस्तरवाट योजनाहरु छनोट गरी कार्यान्वयनमा ल्याइने छ।

## ७. शासकीय प्रवन्ध क्षेत्र अन्तर्गत प्रस्तावित क्रियाकलापहरु

### ७.१. माध्यमिक र आधारभूत विद्यालयहरुमा पोषण कर्नरको स्थापना

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका विद्यालयहरुमा पोषण कर्नर स्थापना गरि विद्यालयका छात्र छात्रा शिक्षक र अभिभावकहरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- हरेका वार खाना चार भन्ने पोषणका अभियानलाई सफल बनाउन एकिकृत रुपमा विविध खालका खाद्य विविधिकरण सहितको प्राविधिक डिजाइन अनुसारको पोषण कर्नर तयारी र सामाग्रीहरुको व्यवस्थापन

- खानामा हरेका दिन कार्वोहाइट्रेड प्रोटिन भिटमिन तथा विभिन्न समुहका खाद्य समुहहरु समावेश गरी खानु पर्ने विषयको बारेमा जानकारी
- स्थानीय स्तरमा उपलव्धहुने उपज तथा सामग्रीहरुको प्रयोग गरी तयार गर्ने र सबैले देख्ने स्थानमा राख्ने व्यवस्था मिलाउने

## ७.२. स्वास्थ्य चौकि र वडा कार्यालयमा स्तनपान कक्षको स्थापना

कार्यक्रमको लक्षित वर्गहरु : पालिका अन्तर्गतका वडा कार्यालय र  स्वास्थ्य संस्थाहरुमा स्तनपानकक्ष स्थापना गरि सुनौला हजार दिनका आमाहरुलाइ स्तनपान गराउन सहजता प्रदान गर्ने ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- स्तनपान हरेक बालबालिकाको अधिकार हो र स्तनपान विना समृद्द समाजको कल्पना सार्थक हुदैन भन्ने अभियानलाई सफल बनाउन वडा र स्वास्थ्य चौकिहरुमा स्थापना गर्ने
- स्तनपान कक्षमा न्युनतम रुपमा बच्चालाइ सुताउन झलुङ्गो दुध खुवाउदा वस्ने कुर्सि टेवल वेड बच्चालाई सहजहुने खालको वातारण भएको हुनु पर्ने

## ७.३. गाउँपालिकाको पोषण पाश्वचित्र र पोषण स्थिती पत्र निर्माण कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : पालिकाको पोषण पाश्वचित्र अध्यावधिक गर्ने वडा नं २, ३ र ५ को स्थिती पत्रको समिक्षा गर्ने र वडा नं १, ४ र ६ को स्थिती पत्र तयार गर्ने ।  फिक्कल गाउँपालिका सबै बासिनन्दा तथा अन्या सरोकारवाला सम्बन्धित पक्षहरु ।

**यस कार्यक्रम अन्तर्गत  क्रियाकलापहरु**

- पालिकाको पोषण पार्श्व चित्र अध्यावधिक गर्नका लागि यस आ. व. मा संचालन भएका विभिन्न शाखागत प्रगतिहरु संकलन गर्ने,
- संकलित प्रगितहरुलाई समावेश गरी अध्यावधिक पालिका पोषण पार्श्व चित्र तयार गर्ने,
- वडा नं २, ३ र ५ को पोषणको स्थिती पत्रलाइ अध्यावधिक गर्नका लागि यस आ, व. मा पोषण प्रवर्द्धनका क्षेत्रमा संचालन भएका विभिन्न शाखागत प्रगतिहरु संकलन गर्ने ,
- संकलित तथ्याङ्कहरुलाई समावेश गरी अध्यावधिक पोषण स्थितीपत्र तयार गर्ने,
- वडा नं १, ४ र ६ को पोषणको स्थिती पत्र तयारीका लागि घरधुरी सर्वेक्षणका लागि फारम तथा फर्म्याटहरु तयार गर्ने,
- पोषणको स्थिती पत्रतयारी सम्बन्धी फोकल पर्सन र स्वास्थ्य कर्मिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने,
- सहभागितात्मक लेखा जोखाको माध्यम द्वारा तिन वटा वडाका (साविकका सबै) पोषण सम्बन्धी तथ्याङ्कहरु संकलन गर्ने,
- प्राप्त तथ्याङ्कहरु विश्लेषण गरी प्रतिवेदन तयार गर्ने,

**७.४. होडिङ्ग वोर्ड मार्फत पोषण सम्बन्धी सूचना संप्रेशण**

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिका सबै बासिनन्दा तथा अन्य सरोकारवाला सम्बन्धित पक्षहरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- पोषण सम्बन्धी सूचनामूलक जानकारीहरु संकलन गर्ने,
- सूचनामूलक जानकारीहरु समावेश गरी होडिङ्गवोर्ड तयार गर्ने,

- तयारी होडिङ्गवोर्ड सकभर पालिकाका सार्वजनिक महत्वका स्थानका राख्ने,
- ढुवानी तथा स्थानको सुनिश्चितता गर्ने ,

**७.५. पोषण सुधारका(प्रवर्द्धनात्मक) लागि गरिएका असल अभ्यास सम्बन्धी बृत्त चित्र निर्माण कार्यक्रम**

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिका सबै बासिन्दा तथा अन्य सरोकारवाला सम्बन्धित पक्षहरु ।

**यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुः**

- पोषण सम्बन्धी हाल सम्म पालिका भरी भएका गतिविधिहरु संकलन गर्ने,
- हाल संचालन भै रहेका कार्यक्रमहरुको स्थलगत छायाङ्कन गर्ने,
- पालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारी तथा अन्य सरोकारवालाहरुको अन्तवार्ता र साक्षातकार सामग्रीहरु तयार गर्ने,
- पालिकामा पोषणमैत्री स्थानीय शासन घोषणाका लागि गरिने र भएका विभिन्न गतिविधिहरुको छायाङ्कन गर्ने,
- आवश्यक स्रव्य तथा दृश्य सामग्रीहरु एकिकृत गरी भिडियो डकुमेण्ट्री तयार गरी पालिकालाई उपलव्ध गराउने ,

**७.६. पोषणमैत्री वडा घोषणा कार्यक्रम**

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिकाका वडा नं २, ३ र ५ मा यस कार्यक्रम संचालन गरिने छ। यसबाट सबै वडाका बासिन्दा तथा अन्य सरोकारवाला सम्बन्धित पक्षहरु लाभान्वित हुनेछन्

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

- हाल सम्म पोषणमैत्री स्थानीय तह घोषणाका लागि भएका प्रयासहरुको समिक्षा गर्ने

- वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समितिको बैठक राखी विषयवस्तुहरुको बारेमा जानकारी गराउने
- वडा स्तरमा पोषण फोकल पर्सनहरुलाइ र अन्य कर्मचारीहरुलाइ कार्य जिम्मेवारीको जानकारी तथा तत्काल गर्नु पर्ने क्रियाकलापका वारेमा अभिमुखीकरण
- विभिन्न समितिहरुको नियमित वैठक अनुगमन तथा प्रतिवेदन पेश गर्ने
- घोषणाका लागि विभिन्न सामग्रीहरुको तयारी तथा व्यवस्थापन
- घोषणा सभा संचालन तथा सार्वजनिकीकरण कार्यक्रम

## ७.७. पोषणमैत्री नमुनाटोल निर्माण तथा प्रवर्द्धन कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिका वडा नं २, ३ र ५ का बासिन्दा तथा अन्य सरोकारवाला सम्बन्धित पक्षहरु ।

**यस कार्यक्रम अन्तरगत संचालित क्रियाकलापहरु**

- नमुना टोल छनोट गरी (पोषणमैत्री नमुनाटोल छनोटका आधारहरु)उक्त टोलका बासिन्दाहरुलाई कार्यक्रम सम्बन्धी जानकारी
- प्रति नमुनाटोल स्थापना तथा व्यवस्थापनका लागि रु ५,००,०००।- सिमा भित्र रही गर्नु पर्ने
- गाउँपालिका तथा वडा कार्यालयद्वारा छनौट गरिएका नमूना टोल/बस्तीका बासिन्दासँग छलफल गरी नमूनाटोल निर्माणका लागि आवश्यक पर्ने पूर्वाधार तथा क्रियाकलाप छलफलद्वारा माग र आवश्यकताको आधारमा क्रियाकलाप निर्धारण गरी कार्य गर्ने

**नमुनाटोलमा हुनु पर्ने न्यूनतम पूर्वाधारहरु**

- पोषणमैत्री स्वास्थ्य केन्द्र, घोषणा भै पोषण सम्बन्धी सेवाहरु उपलव्ध भइ रहेको,

- सुरक्षित पानीको उपलव्धता , व्यवस्थित शौचालय र हात धुने स्थान रहेको,
- उक्त बस्तिको नजिकमा पोषणमैत्री विद्यालय संचालन भएको र दिवाखाजा कार्यक्रम नियमित रुपमा संचालनमा रहेको,
- सामुदायिक रुपमा करेसाबारी स्थापना भएको,एक घर एक करेसावारी पोषण सम्बन्धी ज्ञान अभिवृद्धि कार्यक्रमहरु संचालन भएको,
- विभिन्न समुदायमा आधारित सक्रियसमूह, स्थानीय तहबाट सहयोग प्रदान भइ रहेको,
- कार्यक्रमहरु संचालन पश्चात सार्वजनिक सुनुवाइ कार्यक्रमहरु संचालन हुने गरेको,
- आन्तरिक तथा बाह्य बातावरण स्वस्छ एंवम् नियमित ससरफाइ कार्यक्रमहरु संचालन भइ रहेको,

### ७.८. अनुगमन तथा फिल्ड

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिका विभिन्न वडाहरुमा संचालित कार्यक्रमका लाभान्वित वर्गहरु ।

### यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु

बहुक्षेत्रीय पोषणका विभिन्न सूचकहरू पूरा गर्न सञ्चालन गरिने कार्यक्रमहरूको सबै क्रियाकलापमहरुको अनुगमन तथा फिल्ड जादाँको भ्रमण खर्च यस स्थानीय तहको स्विकृत नर्मस अनुसार उपलव्ध गराउने।

### ७.९. सेवा परामर्श सम्बन्धमा

गाउँपालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रम प्रकियामा सहजीकरण, सर्वेक्षण, सुपरिवेक्षण, परीक्षण आदि कार्यका लागि विज्ञको रुपमा पोषण विशेषज्ञ

गाउँपालिकाको आन्तरिक श्रोतबाट पाचौं तहको सेवा/सुविधा प्रदान गर्ने गरी नियुक्ति गर्ने । विज्ञ व्यक्तिले बहुक्षेत्रीय पोषण कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्नमा सहजीकरण तथा परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

### ७.१०. ढुवानी खर्च

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिका विभिन्न वडाहरुमा संचालित कार्यक्रमका लाभान्वित वर्गहरु ।

यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु

- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत रहेका विभिन्न क्षेत्रहरूको कार्यक्रमहरू सञ्चालन गर्दा आवश्यक पर्ने ढुवानी खर्च यस स्थानीय तहको स्वीकृत नम्स अनुसार उपलब्ध गराउने।

### ७.११. विविध कार्यक्रम

कार्यक्रमको लक्षित वर्गहरु : फिक्कल गाउँपालिका विभिन्न वडाहरुमा संचालित कार्यक्रमका लाभान्वित वर्गहरु ।

**यस कार्यक्रम अन्तर्गत प्रस्तावित क्रियाकलापहरु**

पोषणमैत्री वडा तथा स्वास्थ्य संस्था घोषणाका लागि तत्काल थप गर्नुपर्ने क्रियाकलापमहरुको लागि आवश्यकता अनुसार विनियोजन गराउने ।

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**